# हज उमरा निर्देशिका

लेखक

मुहम्मद इदरीस सलफी

संशोधक

अतीकुर्रहमान मु. इदरीस खान मक्की

# طريقة الحج والعمرة

تأليف
محمد إدريس سلفي

المراجعة
عتيق الرحمن محمد إدريس خان

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

To connect Author: 0501372254

للتواصل مع المؤلف: 0501372254

लेखकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४

प्रथम प्रकाशन साल सन् २००६ ई. सं.

नि:शुल्क वितरणको लागि मात्र

## पुस्तक पाइने ठेगाना -:

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254

इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

हाम्रा प्यारा हाजीहरू ! अल्लाहको असीम कृपा छ कि उसले तपाईहरूलाई हज्जे बैतुल्लाह र पवित्र हरमको दर्शन गर्ने क्षमता प्रदान गर्‍यो । म दुआ गर्छु कि अल्लाह हाम्रा नेकीहरूलाई ( सुकर्महरूलाई) कबूल गरोस् र पुण्यमा चौगुना बढोत्तरी गरोस् । (आमीन)

अल्लाहको पाहुनाको रूपमा प्रतिष्ठित ठाउँ र पवित्र एवं पावन भूमिमा जानु मुबारक होस् । म तपाईहरूलाई हार्दिक धन्यवाद दिन्छु । र यो छोटकरीमा हज निर्देशिका संग्रह पुस्तिका त्यार गरेको छु । जुन हजूरको हातमा छ । यसमा हज र उमराका हरेक जरूरी कुराहरू समाबेश गरेको छु जुन सजिलै सँग बुझ्न सकिन्छ ।

मलाई आशा छ कि हाम्रा नेपाली हाजीहरू यसबाट सजिलै सित लाभ उठाउन सक्छन् । साथै हजका तमाम बिकृति र भ्रमबाट बाँच्न सक्छन् । अल्लाह सबैको हज र उमरा कबूल गरी मुक्ति प्रदान गरोस् ( आमीन )

साथै आफ्नो अमुल्य समय दिई नैतिक बौद्धिक सहयोग पुऱ्याउने मुहतरम ( आदरणीय ) मौलाना अब्दुर्रहीम मदनी ज्यूलाई हार्दिक धनयवाद दिन चाहन्छु ।

अन्त्यमा आफ्नो दुआ र स्तुति गर्दाखेरि पाठक वर्गहरूले म सेवकको हकमा पनि अल्लाह सँग दुआ गरिदिनु हुन अपील गर्दछु ।

**लेखक**
**मोहम्मद इदरीस सलफी**
**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**
**तौलिहवा कपिलवस्तु नेपाल**
**मो.नं. ००९७७–९८४७०३०७८०**
**Mob.00977-9727649238**

## मन्तब्य

# बिस्मिल्लाहिर्रहमानिर्रहीम

अध्यनरत पुस्तक " संक्षिप्त हज र उमरा निर्देशिका संग्रह " "जसलाई मुहतरम हाजी मोहम्मद इदरीस सलफी ज्यूले विभिन्न प्रमाणित किताबहरूको अध्यनको प्रकाशमा लेख्नु भएको छ" । को देख्ने र सुन्ने सुअवसर मिल्यो । मुहतरम लेखक ज्यूको इच्छानुसार मैले एक एक अक्षर सुनें र हेरें र अवश्यकतानुसार थप-घट गरियो र अघि पछिका कुराहरू मिलाइयो ।

मेरो बिचारमा यो पुस्तिका नेपाली भाषाको आफ्नो विषय वस्तुमा एउटा महत्वपूर्ण पुस्तिका हो पुस्तिका बिद्धताको कारण यसको अध्यन पछि नेपाली भाषाको जानकार हाजीहरूलाई कुनै अन्य किताबको आवश्यकता हुने छैन ।

मुहतरम लेखक ज्यू नेपाली भाषाको चिराभ्यस्त र दक्ष अनुवादक हुनुहुन्छ । अहिले सम्म उहाँको कैयौं किताबहरू नेपाली भाषामा प्रकाशित भएर देश विदेशमा ख्याति पाई सकेको छ , साथै नेपाली भाषामा भएको इस्लामिक कुरोको जानकारीको कमीको स्थान समेतलाई

पूरा गरेको छ । यसका लागि उहाँलाई हार्दिक धन्यवाद दिन्छु ।

मलाई आशा छ कि उक्त किताबहरू जस्तै यो पुस्तिका पनि बिद्धत वर्गमा आफ्नो एउटा स्थान बनाउने छ, र नेपाली हाजीहरूको हज सम्बन्धी आवश्यकताहरूलाई पूर्ण गर्ने छ ।

अल्लाह तआला लेखकको यस्ता प्रयासहरूलाई कबूल गरोस् र हामी सबैलाई इस्लामको सेवा गर्ने सुअवसर प्रदान गरोस् ।

**इस्लामको सेवक**
मौलाना अब्दुर्रहीम मदनी
एम.ए. मक्का मुकर्रमा
**महासचिव**
जामिया मतलेउल् उलूम अस्सलफीया
डुमरा, कपिलवस्तु नेपाल

बिस्मिल्लाहिर्रहमानिर्रहीम

अल्हम्दु लिल्लाहे रब्बिल आलमीन । वस्सलातु वस्सलामु अला सैयदिल मुर्सलीन । मुहम्मदिंव वअला आलिही व अस्हाबिही अजमईन । वमन तबेअहुम बेइहसानिन् इला यौमिद्दीन । वबअद :-

“व लिल्लाहि अलन्नासि हिज्जुल बैते मनिस्तताअ इलैहि सबीला ” ( अल कुरआन, सूरतु आले इम्‍रान ९७ )

अर्थ : अल्लाहले उनीहरू माथि जुन उसको घर ( कअ्‍बा ) सम्म जान लागत अर्थात सामर्थ्य राख्छन् उनीहरू माथि त्यस घरको यात्रा अनिवार्य गरिदिए छ ।

**हदीसे रसूल** : रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि : जो कोही यस अल्लाहको घरमा आयो र कुनै अश्लील कुरा र कर्म गरेन भने ऊ पापबाट मुक्त भएर यस्तो फर्क्यो

जस्तो आमाको पेटबाट जन्मेको दिन थियो । ( बुखारी , मुस्लिम )

# हज यात्रामा जानुभन्दा पहिले गर्ने कार्य

अल्लाह तआला यहाँ प्रत्येक व्यक्तिलाई ( जसले अन्तर आत्माका साथ विन्ती गर्छ र पवित्र ( हलाल) धन खर्च गरेर पुगेको छ ) क्षमा गरिदिन्छ र उसको हज कबूल गर्छ । अब ऊ पापबाट यस्तो मुक्त हुन्छ जस्तो कि आफ्नो आमाको पेटबाट जन्मेको थियो । तर कसैको हक हनन् गरेमा कहिले पनि माफ हुँदैन । यसले गर्दा घरबाट हिंडनु भन्दा पहिला हरेक व्यक्तिलाई उसको हक दिए दिलाएर मात्र यो पवित्र यात्रा शुरू गर्नु पर्छ । जसले गर्दा हज कबूल होस् र यात्रा बर्बाद नहोस् यस्तो गरिएन भने रूपैयाँ र परिश्रम सबै व्यर्थ र खेर जाने छ ।

# घरबाट यात्रा (सफर) शुरू गर्ने बखतको दुआ

घरबाट सफरको लागि हिंडदाखेरि यो दुआ पढनु पर्छ : “ बिस्मिल्लाहि वतवक्कल्तु अलल्लाहि वला हौला वला कूव्वता इल्ला बिल्लाह । अल्लाहुम्मा इन्ना नस्अलुका फी सफरिना हाजा़ अल बिर्रा वत्तक़्वा वमिनल् अमले मा तरजा़ । अल्लाहुम्मा हौविन अलैना सफरना हाजा़ वतवे अन्ना बोअदहू । अल्लाहुम्मा अन्तस्साहिबु फिस्सफरि वल खलीफतु फिल अहल । अल्लाहुम्मा इन्ना नऊजोबिका मिन वअ्साइस्सफरि व कआबतिल मन्जरि व सूइल मुन्कल्बे फिल मालि वल् अहलि वल् वलद ” ।

IslamHouse.com

# जब कुनै सवारी माथि चढनुस् त यो दुआ पढनुस्

" सुब्हानल्लजी सख्खरलना हाजा वमा कुन्ना लहू मुकरेनीन, वइन्ना इला रब्बिना लमुन्कलिबून " ।

**नोटः-** महिलाहरूको हकमा सफर ( यात्रा ) गर्नका लागि साथमा महरम हुनु जरूरी छ। एक्लै यात्रा गर्न महिलालाई इस्लामले रोक लगाएको छ। **महरम** भन्ने व्यक्तिहरू बुवा, छोरा, मामा, काका, भाइ, भतिजा, भाञ्जा, हजूर बा ..... आदि हुन् । महरम भनेको ती व्यक्तिहरू हुन् जससँग बिहे गर्नु हराम छ। यो नाताहरू भनेको साखै हुनु पर्दछ।

कोशिश होस् कि हर बखत " सुब्हानल्लाहे, अल्हम्दुल्लिाहे, अल्लाहु अकबर " । अथवा यस्तै दरूद आदि विभिन्न दुआहरू पढ्दै रहनुस्। गपसप गर्नुबाट बाँच्नु पर्छ। यस शुभ (मुबारक) यात्रामा आफ्ना साथीहरू सँग हर बखत विनम्रता पूर्वक भाइ चाराको व्यवहार गर्नुस्, एक आर्काको सहायता गर्नुस् । क्षमता भए सम्म खाना समेत

खुवाउनु राम्रो कुरा हो । यात्रामा दुआ स्वीकार हुन्छ यस हुनाले दुआबाट लापरवाही नगर्नुस् ।

## उमराको आधारशिलाहरू

उमराको मुख्य तीन आधारशिलाहरू छन् :-

(१) एहराम बाँधे पछि नीयत गर्नु र " अल्लाहुम्मा लब्बैक उमरतन् " भन्नु ।

(२) बैतुल्लाहको तवाफ ( परिक्रमा ) गर्नु ।

(३) सफा र मरवा पर्वतको सई गर्नु ( बिस्तारै दगुर्नु) ।

## उमराको वाजिबात

उमराको २ वटा वाजिबातहरू छन् :-

(१) मीकातबाट एहराम बाँध्नु ।

(२) पूरा टाउकोको कपाल छोटो गराउनु वा जम्मै खौराउनु ।

## हजको किसिम

हज ३ किसिमको हुन्छ :-

(१) हज्जे तमत्तो

(२) हज्जे केरान

(३) हज्जे इफ्राद

**नोटः**- सबभन्दा उत्तम हज हज्जे तमत्तो हो । उनीहरूका लागि जो आफ्नो साथमा कुर्बानीको जनावर लगेर गएका छैनन् । यसले नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो सहाबाहरू ( साथीहरू) लाई यस्तै गर्ने आदेश गर्नु भएको थियो ।

## हजका आधारशिलाहरू

हजको मुख्य ४ वटा आधारशिलाहरू छन् :-

(१) मीकातबाट नीयत गर्नु, हज्जे तमत्तो गर्नेले नीयत गर्दाखेरि " अल्लाहुम्मा लब्बैक उमरतन् " भनोस् । फेरि आठ जिलहिज्जाको दिन दास्रो पटक आफ्नो डेराबाट एहराम बाँधेर " अल्लाहुम्मा लब्बैक हज्जन् " भनोस् । र हज्जे केरान गर्नेले " अल्लाहुम्मा लब्बैक हज्जन् व उमरतन् " भनोस् । र हज्जे इफ्राद गर्नेले " अल्लाहुम्मा लब्बैक हज्जन् " भनोस् ।

(२) अरफातको मैदानमा रुक्नु (उभ्नु) ।

(३) तवाफे जियारत गर्नु ।

(४) सफा र मरवाको सई गर्नु ।

**नोटः-** हजको आधार मध्ये यदि कुनै पनि आधार भुलेर पनि छुट्यो भने हज बातिल (भङ्ग) भइहाल्छ ।

## हजको वाजिबात

हजको वाजिबात सात वटा छन् :-

(१) मीकातबाट एहराम बाँध्नु ।

(२) ९ जिलहिज्जाको दिन सूर्य अस्ताए सम्म अर्फातमा रुक्नु ।

(३) दशौं जिलहिज्जाको रात ( अर्थात कुर्बानीको रात ) मुज्दलिफामा बिताउनु ।

(४) दश जिलहिज्जको दिन मात्र ठूलो शैतान (जमरा) लाई र ग्यारह र बारह् जिलहिज्जाको दिन तीनवटै शैतानहरूलाई क्रमश: “अल्लाहु अकबर ” भनेर सात सात वटा ढुङ्गा ( कङ्करो)हरू हान्नु ।

(५) ग्यारह र बारह जिलहिज्जाको रात मिनामा बिताउनु ।

(६) पूरा टाउकोको कपाल छोटो गराउनु वा जम्मै खौराउनु तर खौरउनु नै उत्तम हो ।

(७) तवाफे वदाअ् ( अन्तिम तवाफ ) गर्नु ।

**नोटः-** यदि हजको कुनै वाजिब छुट्यो भने उसमाथि दम दिनु अर्थात एउटा जनावरको बलि दिनु अनिवार्य हुनेछ। जुन जनावर हरमको सीमामा जब्ह (बलि) गरिनु पर्छ र मक्काका गरीबहरूलाई बाँट्नु पर्छ । हाजी स्वयम् आफू त्यस मध्ये खान सक्दैन ।

# एहरामको हालतमा वर्जित कार्य गरे वापत दण्ड (कफ्फार:)

एहरामको हालतमा वर्जित कार्य :-

(१) शरीरको कुनै पनि भागबाट बाल झिक्नु, काट्नु, वा खौरिनु ।

(२) नङ काट्नु ।

(३) खुश्बू लगाउनु ।

(४) पुरुष मान्छेले टाउको छोप्नु ।

(५) पुरुष मान्छेले सिलेको लुगा लगाउनु र महिलाले हातको पन्जा र नकाब लगाउनु । ( तर महिलाको वरिपरि अजनबी मान्छेहरू भएको अवस्थामा पूर्णरूपले पर्दा गर्नु अनिवार्य छ । संशोधक )

**नोट:**- यदि माथिका उल्लेखित पाँच वर्जित कार्यहरू मध्ये कुनै बिर्सेर अथवा गल्तीले भई हालोस् भने उसमाथि कुनै दण्ड ( प्रयाश्चित ) छैन । र यदि जानी, जानी उक्त कार्यहरू मध्ये कुनै कार्य गरियो

भने उसमाथि दण्ड छ। तीन दिन व्रत बस्ने, वा ६ मिस्कीनहरू ( गरीबहरू ) लाई एक बखतको खाना खुवाउनु, अथवा दम दिनु। यी तीन मध्ये एक दण्ड ब्योहोर्नु पर्छ ।

(६) बर्री अर्थात जमीनमा जनावरको शिकार गर्नु वा शिकारीको सहायता गर्नु । यसको कफ्फारः (प्रयाश्चित) त्यसै जनावर बमोजिम सदका गर्नु हो ।

(७) मगनी गर्नु वा गराउनु, बिहे गर्नु वा गराउनु। यसको कफ्फारः मात्र दुआ र इस्तिग्फार हो ।

(८) आफ्नो श्रीमती सँग चुम्बन गर्नु। यदि प्रसंग भए छैन भने उसमाथि तौबा र इस्तिग्फार छ, र यदि स्त्री-प्रसंग भइहालोस् भने त यसको प्रयाश्चित एउटा गाई वा ऊँट जब्ह गरेर मक्काका गरीबहरूमा बाँड्नु पर्ने छ ।

(९) श्रीमती सँग सहवास गर्नु । यदि सहवास दश जिलहिज्जाको चार कार्यहरू मध्ये कुनै दुई कार्य गर्नु भन्दा पहिले नै गरेको भए (क) हज

खण्डित भइहाल्छ । (ख) हजको बाँकी कार्य पूरा गर्नु पर्ने छ । (ग) अघिल्लो वर्ष दोस्रो पटक हज गर्नु पर्छ । (घ) एउटा ऊँट वा गाई हरमको सीमामा जब्ह गरेर मक्काका गरीबहरूमा बाँटिनु पर्नेछ । र यदि सहवास दश तारीखको चार कार्यहरू मध्ये कुनै दुई कार्य गरे पछि, गरेको छ भने त उसको हज सही हुनेछ तर उसलाई ऊँटको कुर्बानी गर्नु पर्नेछ अर्थात दम दिनु पर्छ ।

**नोटः**- महिलालाई यदि एहरामको हालतमा मासिक धर्म आदिको रगत आयो भने ऊ बैतुल्लाहको तवाफ बाहेक हज र उमराको बाँकी सबै विधि र कार्य पूरा गर्ने छिन् ।

# हज र उमराको विधि

**<u>एहरामको कपडाः</u>**- हज र उमराको लागि सबै भन्दा पहिलो कुरा एहरामको कपडा हो । एहरामको कपडा मात्र लोग्ने मान्छेहरूलाई ( पूरुषहरूलाई ) आफ्नो साथमा राख्नु पर्छ जुन एउटा चादर र एउटा लुंगीको रूपमा बिना सिलेको हुनेछ । महिलाहरूले जुन सुकै प्रकारको लुगा लगाउन सक्छिन् यस शर्तका साथ कि जसले पूरा जीव ( शरीर ) छोपोस् , र ढिलो पनि होस् ती सबै जायज छ यही नै महिलाको एहराम हो । र उनीहरूलाई सेतो रङ्गको चुन्नो टाउकोमा अथवा पूरा शरीरमा हाल्नु जरूरी छैन । बरु कुनै पनि प्रकारको रङ्गको चुन्नी वा चादर आफ्नो जीव छोप्नका लागि प्रयोग गर्न सकिन्छ ।

जहाजमा चढ्नु भन्दा पहिला नुहाएर लोग्ने मान्छेले आफ्नो क्षमतानुसार तेल र खुश्बू जेपनि होस् लगाएर बिना सिलेको सेतो लुगा लुंगी भ्कै लगाउने र एउटा सेतो चादर काँधामा हालेर ओढ्ने तर टाउको खुल्ला राख्नु पर्छ । र महिलाहरूले पनि

नुहाएर सिलेको जुन सुकै किसिमको लुगा लगाउन सक्छिन् , यस शर्तको साथ कि पूरा जीव छोपेको होस् ।

अनि मीकात भन्दा केही अगाडि नै जहाजमा सूचना दिइन्छ कि केही समय पश्चात हामी मीकातबाट गुज्रने छौं । अनि वजू नगरेकोले वजू गर्ने अथवा पहिले देखि वजू गरी राखेका व्यक्तिहरूले दुई रकअत सुन्नत पढ्ने । यदि पढ्न सकिन्न भने कुनै दोष छैन । मीकातको सीमामा पुगने बित्तिकै नीयत गर्दै यो दुआ पढ्ने **नीयतको दुआः** " लब्बैक अल्लाहुम्मा उमरतन् महिल्ली हैसो हबसतनी " । यस पछि यो तल्बिया भन्नेः- " लब्बैक अल्लाहुम्मा लब्बैक लब्बैक ला शरीका लका लब्बैक इन्नल् हम्दा, वननेअ्मता लका वल्मुल्का ला शरीका लक" ।

यो तल्बिया बारम्बार निरंत्रताले धेरै भन्दा धेरै पढ्दै रहने । र महिलाहरूले मसिनो स्वरमा पढ्ने ।

**नोट नं. १ :-** यदि हाजी जहाजबाट यात्रा गरिरहेछ भने मीकातमा सूचना दिइएन भने जिद्दामा एहराम बाँध्यो र नीयत गऱ्यो भने एहराम र नीयत सही हुनेछ ।

**नोट नं. २ : -** काठमाण्डौ, दिल्ली अथवा परसम्म जहाज उडे पछि मीकात आउनु भन्दा पहिला नत नीयत गर्नुस् नत तल्बिया पढ्नुस् । एहरामको लुगा पहिलादेखि लगाएमा कुनै दोष छैन । तर मीकातमा प्रवेश भन्दा पहिला उमराको नीयत गर्नु वा तल्बिया पढ्नु ठूलो गल्ती हो बरु बिदअत हो ।

(**बिदअतः-** इस्लामी विधान बिरुद्ध कुनै यस्तो कार्य गर्नु जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमले गरेका छैनन् । अर्थातः इस्लामी विधानमा कुनै नौलो कार्य अविष्कार गर्नुलाई बिदअत भनिन्छ । संशोधक)

र तल्बिया त्यस बखत सम्म पढ्नुस्, जब सम्म हरमको नजीक पुगेर बैतुल्लाहलाई हेर्न सकिन्न । अतः बैतुल्लाहलाई हेरेपछि तल्बिया पढ्न बन्द गरिदिनुस् ।

र वजू गरेर मात्र हरममा प्रवेश गर्नुपर्छ र पहिला दायाँ खुट्टा भित्र राखी यो दुआ पढ्नुस् “ अल्लाहुम्मा सल्ले अला मुहम्मदिवं वबारिक वसल्लिम, अल्लाहुम्मफ्तहली अबवाबा रहमतिका ” ।

यदि फर्ज नमाजको बेला होस् र जमाअत हुनेवाला होस् भने जमाअतमा शामिल भएर नमाज पढ्ने, तर यदि जमाअत भइसकेको होस् भने पहिला फर्ज नमाज पढ्ने । अनि त्यस पछि सब भन्दा पहिला कअ्‌बाको सात चक्र ( परिक्रमा ) लगाउने । यसलाई तवाफ भनिन्छ । तवाफ आरम्भ गर्नु भन्दा पहिला एहरामको दुई कपडा मध्ये माथि ओढेको चादरको बायाँ कुना बायाँ काँध माथि र दायाँ कुना दायाँ पाखुराको काखीको तलबाट हुँदै बायाँ काँध माथि हाल्नुस् । र आर्को चादर जुन लुंगी झैं लगाउनु भएछ त्यसलाई रोक्नका लागि यदि आवश्यक होस् त बेल्ट (पेटी)को प्रयोग पनि गर्न सकिन्छ ।

## तवाफ कहाँबाट आरम्भ गर्ने

हज्रे असवदको ( कालो पत्थरको ) सामुन्ने पुगेर हेर्ने त्यहाँ पहिला कत्था रङ्गको पट्टि थियो तर अहिले हज्रे असवदको ठीक सामुन्ने तपाईको दायाँ हातको तर्फ एउटा हरियो लम्बा (टियूबलाइट) देखिन्छ त्यो नै तवाफ आरम्भ गर्नु र अन्त गर्नुको सीमा संकेत हो त्यहीबाट नै तवाफ आरम्भ गर्ने । र त्यहाँ यस प्रकार उभिनु कि तपाईको दायाँ पाइला त्यसै लम्बाको सिधाईमा होस् र पिठ्यू मस्जिदे हराम तिर, र मुख कअ्बा तिर । तर यदि कअ्बा सम्म पुग्न सकिन्छ भने हज्रे असवदलाई चूमने, र भन्ने " बिस्मिल्लाहे वल्लाहु अकबर " र यदि नजीक जान सकिन्न भने दायाँ हातले संकेत गर्ने तर हातलाई चूमनु हुन्न, किनकि हातले हज्रे असवदलाई स्पर्श गरेमा मात्र चूमन सकिन्छ । तर स्पर्श नगरेको खण्डमा हातलाई चूमनु बिदअत हो जुन अधिकतम् हाजीहरूलाई थाहा हुँदैन । अनि अघि हिडेर चक्र लगाउँदै जाने र जहाँबाट शुरू गरेका थियौ त्यही लम्बा सम्म आए पछि एक चक्र पूर्ण हुनेछ । यसलाई अरबीमा तवाफ भनिन्छ । एक तवाफमा सात चक्र लगाउनु पर्छ । तवाफको

पहिलो तीन चक्रमा पाइला नजीक-नजीक राख्नु पर्छ र काँध हल्लाएर दुल्की चालमा हिँड्नु सुन्नत हो । यदि भीड भएको कारण यस्तो गर्न सकिन्न भने कुनै दोष छैन, बरु भीडमा सामान्य चाल चल्नु नै उचित छ। तवाफका हरेक चक्रका लागि अलग (भिन्न) अलग दुआ प्रमाणित छैन, जस्तो कि आज गरिन्छ र यसो गरेर सुन्नतको उल्लंघन गरिन्छ । बरु कुनै पनि दुआ माँग्न सकिन्छ जुन तपाईको लोक र परलोकको लागि लाभदायक होस् । यो नै सुन्नतको तरिका हो अर्थात रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति अनुकूल हो ।

आँ रुक्ने यमानी ( कअ्बाको त्यस कुनालाई भन्छन् जुन कअ्बाको चक्र लगाउँदा खेरि हज्रे असवद भन्दा पहिला आउँछ ) अर्थात जब पूरा खाना-ए-कअ्बा घुमेर हज्रे असवद भन्दा पहिलाको कुना सम्म पुग्नुस्, त यदि हुन सकोस् भने त्यसलाई हातले स्पर्श गर्नुस् तर त्यस कुनालाई अथवा त्यसलाई स्पर्श गरेर हातलाई चूमनु साबित छैन । यदि स्पर्श पनि गर्न सकिन्न भने कुनै फरक छैन । अनि अघि बढी जाने र हातले त्यस कुनालाई

संकेत (इशारा) पनि नगर्ने । र त्यही कुना देखि हज्रे असवद पुग्ने सम्म यो दुआ “ रब्बना आतेना फिद्दुनिया हसनतौं वफिल आखेरते हसनतौं वकेना अजाबन्नार ” बारम्बार पढ्ने ।

जब तवाफको सात चक्र पूरा भइहालोस् त एहरामको कपडालाई जुन दायाँ काँखको तल थियो त्यसलाई माथि गरिलिने जस्तो कि चादर ओढिन्छ अनि दुई रकअत सुन्नत पढ्ने । यदि ठाउँ मिलोस् त पढ्नको लागि उत्तम ठाउँ मुकामे इब्राहीम हो ( यो ठाउँ बैतुल्लाहको ठीक ढोकाको सामुन्ने लगभग ७ - ८ मीटरको दूरीमा मानिसको कद भन्दा केही अग्लो शीशामा जुन इब्राहीम अलैहिस्सलामको पाइलाको चिन्ह फिट छ ) त्यसको पछाडि स्थित छ, यसै ठाउँलाई मुकामे इब्राहीम भनिन्छ यसै ठाउँमा नमाज पढ्ने । यदि हूलको कारणले यहाँ ठाउँ पाइन्न भने मस्जिदको कुनै ठाउँमा यो दुई रकअत नमाज पढने । यस पछि हुन सकोस् त मुल्तजम सित चिम्टेर दुआ गर्ने । आफ्नो दुईटै हात र छातीलाई दीवारमा स्पर्श गराई दुआ गर्ने, यदि छाती स्पर्श गर्न सकिन्न भने मात्र हातलाई

स्पर्श गरी दुआ गर्ने, यो नै सुन्नतको अनुकूल छ । ( बैतुल्लाहको ढोका र हज्रे असवदको बीचमा भएको दीवारलाई मुल्तजम भनिन्छ ) ।

याद रहोस् ! कि यस बाहेक कअ्बाको कुनै पनि ठाउँ अथवा पर्दा वा दीवारलाई समातेर दुआ गर्नु प्रमाणित छैन, बरु यो अवैधानिक कार्य हो ।

यदि भीडको कारणले मुल्तजमलाई पनि समात्न सकिन्न भने कुनै फरक छैन । अनि यसपछि जमजमको पानी जुनकि गैलनहरूमा भरेर राखिएको हुन्छ बसेर एवं कअ्बातिर मुख गरेर पेटभरी जमजमको पानी खानुस् । र दुआ गरेर जमजम जुन इच्छा पूर्तिको लागि खाइन्छ त्यो इच्छा अवश्य पूर्ण हुन्छ । यो सही हदीसबाट प्रमाणित छ, जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जमजमको पानी जुन इच्छाले खाइन्छ सो अवश्य पूर्ण हुनेछ । ( मुस्नद अहमद, इरवाउल् गलील सहीह हदीस नं. ११२३ ) ।

र यो पानी खानेहरूको लागि भोजन पनि हो, यो पानी खाए पश्चात भोजनको अवश्यकता पर्दैन जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : यस संसारको सबै भन्दा सर्वश्रेष्ठ पानी जमजम हो, जुन खानेहरूको लागि भोजन हो, र विरामीहरूको लागि औसधि ...। ( तब्रानी इब्ने हिब्बान, अल जामेउस्सगीर, अत्तरगीब वत्तरहीब )।

र अब हज्र असवदलाई आफ्नो पिठ्युँको पछाडि गर्नुस् र सोझो हिंडनुस् त मस्जिदे हरामबाट हुँदै सफा पहाड सम्म पुगिन्छ । र सफाको नजिक पुगेर भन्ने : " इन्नस्सफा वलमरवता मिन् शआएरिल्लाहि फमन हज्जल् बैता अविअ्तमरा फला जुनाहा अलैहि अयैं यत्तौवफा बिहिमा वमैंयत्तवआ खैरन् फइन्नल्लाहा शाकेरुन् अलीम " । अनि यो भनोस् " अब्दओ बिमा बद्आल्लाहो बिही " यो दोस्रो दुआ मात्र सईको पहिलो चोटिमा पढ्नु पर्नेछ । अनि सफा माथि चढ्ने र किब्ला तिर मुख गरेर तीन पटक भन्ने : " अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर "

अनि फेरि भन्ने : “ लाइलाहा इल्लल्लाहु वहदहू ला शरीकालहू लहुल् मुल्कु वलहुल् हम्दु वहुवा अला कुल्लि शैइन् कदीर, लाइलाहा इल्लल्लाहु वहदहू अन्जजा वअ्दहू वनसरा अब्दहू व हज्मल् अह्जाबा वह्दहू ” ।

यी दुआहरू केही छिन बारम्बार पढ्ने, फेरि मरवा पहाड तिर जाने । सफा र मरवाको बीचमा कुनै पनि दुआ पढदै रहनुस् । सफा र मरवाको बीचको हिंडाईलाई **सई** भनिन्छ । सई गर्दै “ रब्बिग फिर वरहम इन्नका अन्तल् अअज्जुल् अकरम” भन्नु उत्तम र प्रमाणित छ ।

मरवा तिर हिंडदा खेरि अलि पर गएपछि दायाँ बायाँ तिरको खम्बाहरू हरियो पेन्टले रंगेको देखिन्छ र माथि हरियो बत्तीहरू ( लम्बाहरू ) लागेका छन् र सोही प्रकारको अगाडि पनि बनेको देखिन्छ यी दुवैको बीचमा अलि तेज गतिमा हिंड्नु पर्छ ( यो लोग्ने मान्छेको लागि मात्र छ, महिलाहरूलाई यसो गर्नुहुन्न ) र सई गर्दाखेरि एहरामले काँधहरूलाई छोपि राख्ने, काँधहरूलाई खुल्ला राख्नु अवैधानिक हो ।

मरवा पहाड माथि पुगेर ठीक सफा पहाड जस्तै दुआ पढ्ने र त्यही विधिले गर्ने । सफा देखि मरवा सम्म पुगेपछि एक चक्र पूरा हुन्छ । अब फेरि मरवाबाट त्यही तरीकाले सफा सम्म आउने, यो दोस्रो चक्र पूरा भयो । यस प्रकार सातौं चक्र मरवामा पूरा हुनेछ। अब मरवाबाट बाहिर निस्केर कपाल कटाउने अथवा खौराउने, र महिलाले आफ्नो औंलाको एक गाँठो बराबर कपाल आफ्नो कुनै चुल्ठा (लट)बाट कटाउने, यति गर्नाले अब उमरा पूरा भयो । र अब एहरामको बन्देजबाट फुर्सत भयो । अब एहराम खोलि दिनु, र सिलेको लुगा लगाउनु, खुश्बू र तेल लगाउनु, यस प्रकार एहराम पछिको प्रतिबन्ध समाप्त भयो, जुन माथि एहरामको हालतमा बन्देजको सम्बन्धमा उल्लेख छ । अब मक्कामा बसेसम्म तवाफ धेरै गर्नु पर्छ। यो क्रिया अल्लाहलाई धेरै मन पर्छ । यो तवाफको प्रक्रिया सके सम्म सात जिलहिज्जा सम्म गर्ने र यो उमरा पश्चातको तवाफलाई नफिलि तवाफ भनिन्छ, यसको साथमा सई गर्नु हुन्न । र आठ जिलहिज्जा देखि हजको प्रक्रिया आरम्भ हुन्छ ।

# जम्रा (शैतान)लाई ढुँगा हान्ने तरिका

ढुँगा हान्ने तरिका यो हो कि ढुँगा दायाँ हातमा लिने र शैतान ( जसलाई अब दीवार जस्तो पीलरको रूपमा देखिन्छ ) लाई " बिस्मिल्लाहे अल्लाहु अकबर " भनेर हान्ने । जुन गोलाकारको आकारमा बनेको छ त्यस भित्र ढुँगा खस्नु जरुरी छ । हान्दा खेरि दायाँ हात मीना तिर र बायाँ हात कअ्बा तिर र मुख शैतान तिर होस् । पहिलो र दोस्रो शैतानलाई ढुँगा हाने पछि किब्ला तिर मुख गरेर शैतान देखि केही पर सरेर दुआ गर्नुस्, क्षमा याचनाको दुआ गर्नुस् । अनि तेस्रो ( ठूलो ) शैतानलाई ढुंगा हान्नुस् तर ठूलो शैतानलाई ढुँगा हाने पछि अघि बढी जाने अर्थात दुआ गर्नु हुन्न ।

# हजको पाँच दिन

**<u>पहिलो दिन</u> :-** आठ जिलहिज्जाको दिन बिहान सबेरै आफ्नो डेराबाटै नुहाएर लोग्ने मान्छेले आफ्नो क्षमता अनुसार खुश्बू अथवा तेल जे प्राप्त होस् लगाएर एहरामको लुगा लगाउने, र महिलाहरूले पनि नुहाएर जुन सुकै सिलेको लुगा लगाउने र भन्ने : “ अल्लाहुम्मा लब्बैक हज्जन् ” र नास्ताको समय देखि लिएर जवाल ( मध्यान्ह ) भन्दा पहिले नै मीनामा पुगी हाल्ने । मीनामा जोहर, अस्र, मगरिब, इशा र फज्रको नमाज आफ्नो आफ्नो समयमा कस्र गरेर अर्थात चार रकअत भएको नमाजलाई दुई दुई रकअत पढ्ने । तर मगरिब र फज्रको नमाजमा कस्र हुँदैन किनकि यी नमाजहरू चार रकअत छैन । यदि कुनै जरूरी कार्यका लागि मक्का आउनु परोस् भने सो कार्य गरी फर्केर आई राती मीनामा नै बिताउने ।

**<u>दोस्रो दिन</u>** :- ९ जिलहिज्जाको दिन सूर्य उदाए पछि जोहरको समय आउनु भन्दा पहिला नै मीनाबाट अर्फातको मैदानमा ( हज्ज हुने ठाउँ )

पुगिहाल्ने । त्यहाँ हाजी एक अजानको र दुई इकामतको साथ जोहरको समयमा जोहर र अस्र कस्र गरेर एक साथ पढ्नु पर्छ तर दुबैको लागि अलग अलग इकामत भन्नु पर्छ यो क्रियालाई अरबीमा जमा दक्दीम मअल् कस्र भनिन्छ । अनि सूर्य अस्ताएको बेला सम्म हाजीको लागि मस्नून ( सुन्नत बमोजिम) छ कि ऊ अल्लाह सित दुआ गरोस् त्यसको गुणगान गरोस्, कुरआनको पाठ पनि गर्न सकिन्छ तर दुआ गर्नु नै अति उत्तम छ। यो अरफातको दिनको श्रेष्ठता पूरा सालको दिनमाथि प्रमाणित छ। यसै दिन अल्लाह संसारीय आकाशमा आएर भन्छन : हे फरिश्ताहरू तिमीहरू साक्षी रह यी मेरा भक्तहरू यदि मात्र मेरो प्रसन्नता पाउनको लागि यहाँ जम्मा भएछन् भने म यिनीहरूलाई दोषमुक्त गर्दछु । यसले गर्दा यस अरफातको मैदानमा अल्लाह सित रोई रोई दुआ गर्नु पर्छ आफ्नो पापहरूको क्षमा याचना गर्नु पर्छ । यदि कुनै मान्छे यस दिन अरफातको मैदानमा पुग्यो र पाप मुक्त भएर फर्केन भने त्यस भन्दा अभागा यस संसारमा कुनै अरु प्राणी छैन । दुआ गर्दा खेरि

किब्ला तिर मुख गर्नु उचित छ तर जब्ले रहमत जसकको असल नाम जब्ले अरफात हो त्यस तर्फ मुख गरेर दुआ गर्नु उचित छैन । बरु यो बिदअत हो । र साथै यो पनि ज्ञान रहोस् कि हाजीको लागि ९ जिलहिज्जाको रोजा बस्नु मिनाही छ । **अरना** भनेको मैदान जसलाई अरबीमा वादिए अरना भनिन्छ त्यो अरफातको सीमा भित्र आउँदैन तसर्थ जोहर र अस्रको नमाज यदि कसैले यसै अरना भनेको मैदानमा पढेछ भने यस पश्चात त्यहाँ रुक्नु ठीक छैन, बरु अरफातको सीमा भित्र गई बसोस् । र यस्तै जब्ले रहमत माथि चढ्नु पनि ठीक छैन । यस्ता कार्यहरूबाट हाजीलाई बाँच्नु जरूरी छ । र यस दिन यो दुआ पढ्नु पहिलाका नबीहरू र प्रिय रसूल मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको सुन्नत हो " लाइलाहा इल्लल्लाहु वहदहू ला शरीका लहू लहुल् मुल्कु वलहुल् हम्दु वहुवा अला कुल्लि शैइन् कदीर " ।

आँ ! लेट हुनेहरूले यदि दश जिलहिज्जाको फज्रको समय आउनु भन्दा पहिला नै अरफातको

मैदानमा पुगी हालोस् भने उनको रुक्न (विधि) पूरा भइहाल्ने छ, र हज भइहाल्छ ।

र सूर्य अस्ताए पछि मगरिबको नमाज नपढ्नुस् बरु अरफातबाट मुजदलिफाका लागि हिंडिहाल्ने र मुजदलिफाको मस्जिद " अल् मश्अरुल हराम "को नजिक जता पनि डेरा हाल्ने, र त्यहाँ पनि हाजी एक अजान र दुई छुट्टा छुट्टै इकामतको साथ मग्रिब र इशाको नमाज जमा गरेर कस्रको साथ पढने अर्थात मग्रिब ३ रक्अत र इशा दुई रक्अत गरेर पढ्ने । यसलाई जमा ताखीर मअल् कस्र मनिन्छ । अनि फज्रको समय आउने सम्म आराम गर्ने अर्थात विश्राम गर्ने नै उचित छ । कङ्रीहरू ( सानो ढुँगाहरू ) मुजदलिफाबाट टिप्नु प्रमाणित छैन । बरु राती विश्राम गरे पश्चात अल्लाहको गुणगान गर्ने र धेरै जिक्रो अजकार गर्ने र यस्तै बिहानै समयमा फज्रको नमाज पढी धेरै भन्दा धेरै अल्लाहको जिक्र गर्ने । अनि एकदम उज्यालो भएपछि सूर्य उदाउनु भन्दा पहिला मीनाको लागि हिँड्ने र बाटोमा अथवा मीनामा जहाँबाट पनि सातवटा कङ्री लिने जसबाट दश निलहिज्जाको

दिन ठूलो शैतानलाई हान्नु छ । ढुङ्गाहरू चनाको गेडी बराबर अथवा त्यसभन्दा अलि ठूलो हुनुपर्छ । र यी कङ्करीहरूलाई धुनु पर्दैन त्यसलाई धुनु बिदअत हो । र तीनवटै दिनको ढुङ्गा एकै दिन लिनु पनि साबित छैन ।

**तेस्रो दिन** : - दश जिलहिज्जाको दिन प्रतयेक हाजीलाई चारवटा महत्वपूर्ण कार्य गर्नु जरूरी छ ।

(१) ठूलो शैतानलाई ढुङ्गा हान्नु ।

(२) कुर्बानी गर्नु ।

(३) कपाल छोटो गराउनु वा खौराउनु ।

(४) तवाफे इफाजा अर्थात तवाफे जियारा गर्नु ।

यसमा सबभन्दा पहिला काम ठूलो शैतानलाई एक एक गरेर सात ढुङ्गाहरू " अल्लाहु अकबर " भनेर हान्नु । याद रहोस् कि ! दश जिलहिज्जाको दिन मात्र ठूलो शैतान जुन मुजदलिफा देखि मीना आउँदा खेरि पहिलो र

दोस्रोलाई छाडी तेस्रो शैतान हो, र जुन मक्का देखि नजिक छ त्यसैलाई मात्र हान्नु छ । र त्यसलाई ढुँगा हान्ने समय सूर्य उदय भएदेखि जवाल सम्म हो । तर हूल भएको अवस्थामा जवाल पश्चात पनि हान्नु जायज छ । यस पछि तल्बिया बन्द गरिदिने, र यस पछि कुर्बानी गर्ने, र यस पछि कपाल छोटो गराउने अथवा खौराउने । यति गरेपछि हाजीलाई तहल्लुल् अव्वल अर्थात प्रारम्भिक हिल्लत ( शुद्धता ) प्राप्त भयो । अब हाजीको लागि आफ्नो स्वास्नी बाहेक हरेक चीज हलाल भयो ।

यी सबै कार्य क्रमशः गर्नु राम्रो हो, तर अघि पछि भएमा कुनै दोष छैन । यस पछि तवाफे इफाजा गर्ने, तवाफे इफाजा गरेपछि एहरामको पूरा बन्देज समाप्त भयो । र अब आफ्नो श्रीमती पनि हलाल भयो अथार्त श्रीमती सँग सम्भोग पनि हलाल भयो ।

**नोट** :- तवाफे इफाजा यदि त्यसै दिन गर्न सकिन्न भने कुनै दोष छैन । बरु हरममा धेरै हूल होस् भने दश जिलहिज्जाको दिन तवाफ नगरिकन्

आर्को दिन गर्नु नै उचित छ किनकि अल्लाहको भनाई छ :

अर्थ : “ आफूलाई आफै नमार ” ( सूरतुल् बकर: १९५, सूरतुन् निसा २९ ) । र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : “ अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन ” । ( सूरतुल् बकर: १८५ )

यसले गर्दा जसमा तपाईको सुविधा होस् त्यसै गर्नु उचित छ, त्यसै दिन तवाफे इफाजा गर्नु अनिवार्य छैन यो नै विद्वानहरूको कथन हो ।

**नोट : -** कुर्बानी गर्ने ठाउँमा बाख्रा, दुम्बा, गोरु, र ऊँट धेरै मात्रामा बिक्छन् । तिनलाई किनेर स्वयम् जब्ह गर्ने, अथवा बैंकमा पैसा जम्मा गराई त्यसको मार्फत कुर्बानी गराउने । यसको लागि सउदी सरकारले अल् राजेही बैंकलाई र तनमिया बैंकलाई अनुमति दिएको छ जुन हाजीहरूको कुर्बानी गराउने काम गर्छन् । अल् राजेही बैंक हरमको छेउमै स्थित छ त्यसैमा आफ्नो कुर्बानीको रुपैयाँ जम्मा गराउनु उचित छ । यस बाहेक

कसैलाई दिनु उचित छैन । किनकि बैंकले जायज तरिकाले शुद्धताको साथ तपाईको कुर्बानी गर्छ, र छाला र मासुको सुउपयोग पनि गर्छ। जसरी गरीब मुसलमानहरूलाई त्यो मासु विमान द्वारा पठाइन्छ। र यसो गरेमा तपाईलाई कुर्बानीको झंझटबाट फुर्सत भई हाल्छ । र यदि तपाईले त्यसै दिन तवाफे इफजा गर्नु भएछ भने अब नुहाएर सफा सुग्घर लुगा लगाई मीना तर्फ प्रस्थान गर्नु होस्। र यदि तवाफे इफाजा गर्नु भए छैन तै पनि नुहाएर सफा सुग्घर सिलेको लुगा लगाई मीनामा नै राती बिताउनु पर्छ, र आर्को दिन तवाफे जीयारत गर्नको लागि मक्का गई तवाफे जियारत गर्नु पर्छ ।

**<u>चौथो दिन</u>** : - ग्यारह जिलहिज्जाको रात मीनामा बिताउनु जरूरी छ। र जवाल (मध्यान्ह) पछि तीनवटै शैतानहरूलाई “ अल्लाहु अकबर ” भनेर क्रमशः ( सिलसिलावार ) प्रत्येक शैतानलाई एक एक गरी सात सात कङ्रीहरू हान्ने । र याद रहोस् कि सानो र माइलो शैतानलाई कङ्री मारेर मात्र दुआ गर्नु उचित छ । अब जसले तवाफे

इफाजा गरेका छैनन् तिनीहरू तवाफ गर्नको लागि मक्का गई तवाफ गरी फेरि मीना आउन् ।

**नोट** : - जुन हाजीलाई कङ्करीको गन्तीमा शक अथवा शंका भइहालोस् त जुन गन्ती माथि विश्वास होस् उसैलाई आधार मानी बाँकीको गन्ती पूरा गरोस् ।

**पाँचौ दिन** : - बारह् जिलहिज्जाको रात पनि मीनामा बिताउनु जरूरी छ । ग्यारह जिलहिज्जा जस्तै तीनवटै शैतानलाई कङ्करीहरू हान्ने । अब यदि कोही मक्का जान चाहन्छ भने ऊ सूर्य अस्ताउनु भन्दा पहिले नै मीनाको सीमाबाट निस्कि हालोस् । र तवाफे वदअ् ( अन्तिम तवाफ ) गरी आफ्नो मुलुक जाओस् । तर तेरह् जिलहिज्जाको रात बिताउनु र कङ्करी हान्नु उत्तम छ ।

यदि कसैले तेरह् जिलहिज्जाको राती पनि मीनामा बितायो भने ग्यारह् र बारह् जिलहिज्जा झैं तीनवटै शैतानहरूलाई कङ्करी हान्नु पर्छ ।

मक्कालाई छोड्ने बखत **तवाफे वदअ्** गर्नु , पुरुषले बिना कुनै कारण यसलाई छोडेमा **दम** दिनुपर्छ, अर्थात बाख्रा जब्ह गरेर बाँट्नु पर्छ ।

**नोट** : - मासिक धर्म आदि हुने महिलाहरूले तवाफे वदअ् गर्नै छैनन् ।

पूरा टाउको खौराउनु उत्तम र कपाल छोटो काट्नु उचित छ । जो इच्छा लागोस् गर्ने । तर महिलाहरूले औंलाको एक गाँठ बराबर आफनो चोटी वा लटबाट काट्न सक्छिन् ।

तवाफे इफाजामा दुल्की चाल जस्तो चलिनु हुँदैन । र नत एहरामको लुगा दायाँ बगलको काँखीको तल गरिने छ ।

हज्जे केरान गर्नेहरू दश जिलहिज्जाको दिन मात्र बैतुल्लाहको तवाफ गर्ने छन् जसलाई तवाफे इफाजा भनिन्छ, सफा मरवाको सई यनीहरूको लागि जरूरी छैन । तर तमत्तोअ् र इफ्राद गर्नेहरू माथि सई गर्नु जरूरी छ ।

# जियारते मदीना

मदीनाको जियारतको सम्बन्धमा यो कुरो राम्ररी बुझ्नु पर्ने छ कि हजको सम्पूर्ण कार्यक्रम मक्कामा नै पूर्ण भइहाल्छ । तर जुन व्यक्तिलाई अल्लाहले हज जस्तो महान अवसर प्रदान गऱ्यो, भने ऊ व्यक्ति मदीनाको जियारतबाट किन वंचित रहोस् । जसमा कि अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमको मस्जिद स्थित छ । जसलाई मस्जिदे नब्वी भनिन्छ। मीनामा बारह् अथवा तेरह् जिलहिज्जाको दिन जवाल पछि ढुङ्गा हाने पश्चात हजको सम्पूर्ण कार्यक्रम पूरा भयो । अब जसलाई घर फर्किनु छ फर्कन सक्छ, र जसलाई मदीना जानु छ जान सक्छ। र मस्जिदे नब्वीमा चालीस बखतको नमाज पढ्नुको रिवायत झूठो छ। तर्सथ जति बखतको नमाज त्यहाँ पढ्न अवसर मिलोस् पढ्नुस् कुनै बन्देज छैन ।

मदीनामा मस्जिदे सबअह् ( सात मस्जिदहरू ) र मस्जिदे किब्लतैन आदिको दर्शनको कुनै प्रमाण छैन, र नत त्यसमा नमाज पढेमा अरु

मस्जिद भन्दा धेरै सवाब ( पुण्य ) को कुनै प्रमाण छ। बरु मदीनामा मस्जिदे कुबामा जानु र त्यसमा दुई रक्अत नमाज पढ्नुको सवाब एक उमराको बराबर छ । र यस्तै बकीअ् र उहुदको कब्रिस्तानलाई दर्शनको नीयतले जानु साबित छ तर यहाँ गएर शरई दुआ मात्र पढ्नु पर्छ जुन यो हो " अस्सलामु अलैकुम या अहलिद्दयारि मिनल् मुअ्मिनीना वल् मस्लिमीन, वइन्ना इन्शाअल्लाहु बिकुम् लाहिकून, नस्अलुल्लाहा लना वलकुम अल् आफिया " । ( मुस्लिम )

यदि मदीनाबाट मक्का फर्किनुस् भने त मदीनाबाट लगभग १४ कि.मी. को दूरीमा **जुल्हुलैफा** जसलाई अज भोलि **बियारे अली** भनिन्छ, त्यहाँको मस्जिदमा एहराम बाँधेर दुई रक्अत नफिल पढ्नुमा कुनै दोष छैन बरु यसो नै गर्नु पर्छ र मक्का पुगी उमरा गर्नु नै उत्तम हो ।

मक्कामा गारे हिरा, गारे सौर, मस्जिदे बिलाल, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको जन्मिने ठाउँ ( जन्म भूमि )को खोजी गर्नु र दर्शन

गर्नु यसको कुनै सबूत छैन । तसर्थ यसको लागि आफ्नो बहुमूल्य समय नष्ट नगर्नु होला ।

यस पुस्तिकामा वर्णन गरिएका विधिहरू बमोजिम हज र उमरा गरेमा तपाईको हज र उमरा शुद्धताको साथ रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति अनुकूल पूर्ण भयो । अल्लाह सबैको हज र उमरालाई कबूल गरुन् ( आमीन )

***समाप्त***

***लेखक***

**मोहम्मद इदरीस सलफी**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**